कार्यपालिका बैठकः ९

मितिः २०८२ साल मंसिर ७ गते आईतबार

नगर कार्यपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख/अध्यक्ष | |
| २ | आसा शिवाकोटी | उपप्रमुख | |
| ३ | शुसिल कुमार पोखरेल | वडाध्यक्ष वडा नं. १ | |
| ४ | बलराम राई | वडाध्यक्ष वडा नं. २ | |
| ५ | युवराज चम्लागाई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | रोशन सुवेदी | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | कृष्ण बहादुर राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | लक्ष्मी प्रसाद ओली | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | भिष्म भुषण सिटौला | वडाध्यक्ष वडा नं. ७ | |
| १० | लिला बहादुर कटुवाल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | राजेन्द्र प्रसाद उप्रेती | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | युवराज राजवंशी | कार्यवाहक वडाध्यक्ष वडा नं९ | |
| १३ | कृष्ण माया भुजेल | कार्यपालिका सदस्य | |
| १४ | नवल किशोर दत्त कायस्थ | कार्यपालिका सदस्य | |
| १५ | नरा देवी मगर | कार्यपालिका सदस्य | |
| १६ | सावित्रा देवी बर्देवा | कार्यपालिका सदस्य | |
| १७ | लक्ष्मी कटुवाल | कार्यपालिका सदस्य | |
| १८ | सुसिला बुधनी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १९ | चेता राई | कार्यपालिका सदस्य | |
| २० | हरिलाल खवास भुजेल | कार्यपालिका सदस्य | |
| २१ | नारायण न्यौपाने | सदस्य सचिव | |

अन्य उपस्थिति:

१. क्षेत्रनाथ शर्मा - लेखा अधिकृत
२. जमुना कटुवाल - अधिकृत आठौं
३. अनुप प्र. रेग्मी - अधिकृत छैठौं
४. विजय पाठक - सहायक पाचौं

Scanned with CamScanner

# कार्यपालिका का निर्णयहरु

| सि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | मिति २०८२।०७।२३ गतेको बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो । |
| २ | किसान सूचिकरण समन्वय समिति गठन सम्बन्धमा। | किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ को दफा २२ बमोजिम स्थानीय किसान सूचीकरण कार्यान्वयन तथा समन्वय समिति देहाय बमोजिम गठन गर्ने ।<br>क. नगर उपप्रमुख, श्री आशा शिवाकोटी- अध्यक्ष<br>ख. सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य<br>ग. आर्थिक विकास समिति, संयोजक, श्री कृष्ण माया भुजेल - सदस्य<br>घ. कृषि शाखा, कृषि स्नातक श्री श्रेया खनाल - सदस्य<br>ङ. पशु तथा मत्स्य विकास शाखा,अधिकृत छैटौ, श्री कुल बहादुर गुरुङ्ग – सदस्य<br>च. कृषि प्राविधिक, श्री शितल अर्याल, - सदस्य सचिव |
| ३ | किसान सूचिकरणका लागि वडा छनौट सम्बन्धमा। | किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका,२०८१ को दफा ४ को उपदफा १ बमोजिम कनकाई नगरपालिकाको किसान सूचिकरण प्रणाली कार्यक्रमका लागि कार्यविधि बमोजिम कनकाई नगरपालिका वडा नं. १ र ५ मा संचालन गर्ने। |
| ४ | वडा नं. ३ को उपभोक्ता साझेदारी रकम संशोधन सम्बन्धमा। | कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ मा संचालन हुने योजनाहरुको लागि साझेदारी कार्यक्रम अन्तरगत स्थानीय उपभोक्ताको तर्फबाट ३० प्रतिशत साझेदारी हुने गरी अघिल्लो आर्थिक वर्षहरुमा कार्यान्वयन भई रहेकोमा चालु आर्थिक वर्षमा कनकाई नगरपालिका वडा नं ३ को वडा समितिको निर्णयानुसार साझेदारीमा योजना सचालन गर्न वडा न ३ लाई सहमती दिने। |
| ५ | झोलुङ्गे पुल मर्मतका लागि सिफारिस पठाउने सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं २ र शिवसताक्षी नगरपालिका जोड्ने झोलुङ्गे पुलको मिति २०८२।०६।१८ र १९ गते आएको विनाशकारी बाढीको कारण धनुस्कोटीधामको झोलुङ्गे पुलको दुवै तर्फ क्षति भई दुवै तर्फको चेकड्याम खोलाले खोली कटान गरेकाले सो पुलबाट मानिसलाई हिडेर वारीपारी गर्न असहज भएकाले उक्त झोलुङ्गे पुल मर्मत गर्नका लागि सम्बन्धित निकायमा सिफारिस लेखि पठाउने। |
| ६ | कृषि बजारको तरकारी पसलको भाडा सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं.३ स्थित सुरुङ्गा बजारको उत्तर तर्फ रहेको एकिकृत कृषि बजारमा रहेको तरकारी पसलहरुको बारेमा मिति २०८२ साल मंसिर २ गते नगरपालिका, बजार व्यवस्थापन समिति र सम्बन्धित तरकारी व्यवसायी विच भएको छलफल बमोजिम मिति २०८२ साल बैशाख १ गतेदेखि लागु हुने गरी सटर भाडाको यस अघि तोकिए बमोजिमको दरमा सम्झौता प्रकृया अगाडी बढाउने। |
| ८ | चौमासिक समिक्षा सम्बन्धमा। | कनकाई नगरपालिकाको चौमासिक प्रगति समिक्षा मिति २०८२ साल मंसिर १९ गते शुक्रबार गर्ने। |
| ९ | वडागत बजेट संशोधनका लागि वडागत विवरण माग सम्बन्धमा। | कनकाई नगरपालिकाको १९ औं नगर सभामा पेश गर्ने नगरस्तरीय/वडास्तरीय योजना तथा कार्यक्रमहरुको शिर्षक परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित वडा तथा शाखाहरुलाई मंसिर मसान्त भित्रमा संशोधित बजेट तथा कार्यक्रम पेश गर्न पत्राचार गर्ने। |
| १० | अस्थायी प्रहरीलाइ सहयोग | कनकाई नगरपालिका वडा नं. ७ स्थित दुर्गापुर बजार पूर्व तर्फ रहेको अस्थायी प्रहरी विटमा गोल घर (कचहरी घर) निर्माणका लागि संस्थागत सहयोग शिर्षकबाट भुक्तानी हुने गरी रकम रु २०००००।– अक्षरेपी दुई लाख रुपैया उपलब्ध गराउने। |
| ११ | कार्यविधि सम्बन्धमा | सार्वजनिक निजी साझेदारी कार्यविधि, २०८२ को प्रारम्भिक मस्यौदालाई कनकाई नगरपालिकाको विद्यायन समितिमा अध्ययनका लागि पठाउने। |

२०८२।८।८

Scanned with CamScanner